नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(मान्यता समकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्डः १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:- ०७८/७९
चलानी नं.:-

मितिः २०७९।०१।१४

विषय : थप पाठ्यसामग्री तथा डिजिटल सामग्री मूल्याङ्कनको लागि पेश गर्ने सम्बन्धी सूचना।

प्रचलित शिक्षा ऐन तथा नियमावलीमा उल्लेख भए अनुसार विद्यालयले थप पाठ्यसामग्री तथा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा स्वीकृति लिनुपर्ने प्रावधान रहेकाले पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका २०७६ को दफा २५ अनुसार शैक्षिक सत्र २०८० देखि लागु हुने विद्यालय तह कक्षा (१ देखि १२) को थप पाठ्यसामग्री तथा डिजिटल सामग्री स्वीकृत गर्न चाहने प्रकाशक तथा लेखकहरुले **२०७९ भाद्र मसान्तभित्र** स्वीकृतिका लागि तपसिल बमोजिमका सर्त सहित कागजातहरु यस केन्द्रमा पेश गर्नु हुन सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

क. पेश गर्नुपर्ने कागजात

१. राष्ट्रिय बाणिज्य बैंकमा रहेको राजस्व खाता नम्बर क १०००१००२०००१००००, राजस्व शीर्षक नम्बर १४२२३ र पाठ्यक्रम विकास केन्द्रको कार्यालय कोड नं. ३५००२३३०१ मा निम्नानुसार रकम दाखिल गरेको सक्कल बैंक भौचर;

| क्र.सं. | कक्षा | प्रति सामग्री राजस्व दर रु. | प्रति डिजिटल सामग्री राजस्व दर रु. | पाठ्यसामग्रीमा हुनुपर्ने अधिकतम पेज संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | कक्षा १ देखि ३ सम्म | १०,०००।- | ५,०००।- | २५० | डिजिटल सामग्री पेश गर्दा Link तथा Soft Copy र Hard Copy (बनेको भए) समेत पेश गर्नुपर्ने छ। |
| २ | कक्षा ४ देखि ५ सम्म | १५,०००।- | ५,०००।- | ३०० | |
| ३ | कक्षा ६ देखि ८ सम्म | १५,०००।- | ५,०००।- | ३५० | |
| ४ | कक्षा ९ देखि १० सम्म | १७,०००।- | ५,०००।- | ४०० | |
| ५ | कक्षा ११देखि १२ सम्म | २०,०००।- | ५,०००।- | ६५० | |

२. ब्यक्ति स्वयंले प्रमाणित गरेको लेखकको शैक्षिक योग्यताको लब्धाङ्क पत्र/ट्रान्सक्रिप्ट, नागरिकताको प्रतिलिपि, नेपाल बाहिरको बोर्डको हकमा समकक्षता पत्रको प्रतिलिपि र अनुभव पत्रको साथै निम्नानुसारको विवरण,

| क्र.सं. | लेखकको नाम थर | पाठ्यसामग्रीको नाम | कक्षा | शैक्षिक योग्यता | मुख्य विषय | अनुभव वर्ष संस्था | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |

३. लेखक/सामग्री निर्माताले एउटै विषयको उही कक्षामा एउटा प्रकाशन गृहबाट मात्र सामग्री लेखन कार्य गरेको स्वघोषणा पत्र,

४. लेखक तथा प्रकाशक भएको हकमा PAN मा दर्ता भएको, निजी प्रकाशन गृहको हकमा नियमानुसार दर्ता गरेको, नवीकरण गरेको र कर तिरेको कागजात,

५. विषयवस्तु, अभ्यास, चित्र, लेआउट, डिजाइन सहितको पूर्ण स्वरुपका पाठ्यसामग्री ३/३ प्रति

ख. मूल्याङ्कनको लागि सामग्री पेश गर्दा अपनाउनु पर्ने विधि र सर्त

१. लेखकको शैक्षिक योग्यता आधारभूत तहको लागि सम्बन्धित विषयमा न्यूनतम स्नातक र माध्यमिक तहको लागि सम्बन्धित विषयमा न्यूनतम स्नातकोत्तर तह उर्तीण गरी शिक्षण, प्रशिक्षण, लेखन तथा अनुसन्धानको क्षेत्रमा कम्तिमा पाँच बर्षको अनुभव भएको,

२. लेखक/प्रकाशकले कक्षा १ देखि १२ सम्मको निर्धारित पाठ्यक्रम संरचनानुसार विद्यार्थीको सिकाइ सहजीकरणको लागि कक्षाकोठामा प्रयोग गर्ने उद्देश्यले तयार पारेको मुद्रित तथा डिजिटल सामग्री मात्र स्वीकृतको लागि पेश गर्नुपर्ने छ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(..मान्यता समकक्षता तथा मूल्याङ्कन ........ शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:-
चलानी नं.:-

मितिः २०७९।०१।१४

निर्धारित पाठ्यक्रम संरचनाअनुसार तयार नभएका, पाठ्यक्रमले तोकेभन्दावाहेक विभिन्न विषयलाई समेटी पाठ्यसामग्रीको रुपमा तयार पारिएको वा पाठ्यक्रममा उल्लेख नभएका विषयका सामग्री एवंम अभ्यास पुस्तिका, व्याकरण, सामन्य ज्ञान, गाइड र गेसपेपर जस्ता सामग्री स्वीकृत हुने छैन,

३. सामाजिक अध्ययन विषय नेपाली वा नेपालमा उत्पत्ति भएका मातृभाषाका माध्यमले पठनपाठन गराउनु पर्ने भएकाले हाम्रो सेरोफेरो, सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा, सामाजिक अध्ययन र सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषयको माध्यमभाषा पनि सोही अनुसार हुनपर्ने छ,

४. एउटा पाठ्यसामग्रीको लेखक तथा सम्पादक अधिकतम ५ जना भन्दा वढी राख्न पाइने छैन।

५. सामग्रीको नाम, लेखकको नाम, शैक्षिक योग्यता बाहेक लेखकको तस्विर वा अन्य विवरण सामग्रीमा राख्न पाइने छैन ।

६. सामग्री प्रकाशन गर्दा केन्द्रको प्रकाशन शैलीअनुसार भाषिक तथा लेआउट सम्पादन गर्ने र नेपाल सरकारले तोकेको मापदण्डअनुसारको कागजात तथा छपाइको गुणस्तर हुनुपर्ने छ। कागजात तथा छपाइको गुणस्तर सम्बन्धी जानकारी यस केन्द्रबाट प्राप्त हुने छ,

७. तोकिएको समयमा पेश हुन नआएको पाठ्यसामग्री मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन र स्वीकृत नलिई पाठ्यसामग्री विक्रि वितरण गरेको पाइएमा नियमानुसार कारवाही हुने छ,

८. थप जानकारीको लागि फोन नं. ०१-६६३४९१६ मा सम्पर्क गर्नुहुन र पाठ्यक्रम यस केन्द्रको वेवसाइट www.moecdc.gov.np मा पाइन्छ।

१।१४